सन्दर्भः ११४ औँ अन्तर्राष्ट्रिय महिला दिवस

# महिला तथा बालिकाविरूद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन[1]


**'महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी'** भन्ने मूल नाराका साथ १ सय १४ औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ। नेपालको संविधानमा महिला अधिकारका विषयलाई मौलिक हकका रूपमा समेटिएको छ। नेपाली कानुन पनि लोकतन्त्रको उदयसँगै महिलामैत्री बनाउँदै आइएको छ। नेपाल संयुक्त राष्ट्रसङ्घले जारी गरेको महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि-१९७९ को पक्ष राष्ट्र हो । यो महासन्धिलगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा महिलासँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधानहरूमा नेपालले प्रतिबद्धता जनाएको छ ।

**सन् २०२२ र २०२३ मा महिला तथा बालिकाविरूद्ध भएका हिंसाबाट पीडितको सङ्ख्या**

| क्रसं | घटनाको प्रकार | पीडित सङ्ख्या, २०२२ | | पीडित सङ्ख्या, २०२३ | |
|---|---|---|---|---|---|
| | | महिला | बालिका | महिला | बालिका |
| १ | बेचबिखन तथा ओसारपसार | २४ | ३९ | ३० | ४३ |
| २ | बेचबिखन तथा ओसारपसार प्रयास | २४ | | २५ | |
| ३ | बलात्कार | ६०५ | १००९ | ६५१ | १००२ |
| ४ | बलात्कार प्रयास | १४५ | | १५२ | |
| ५ | यौन दुर्व्यवहार | ४२ | ३२६ | ५४ | ३७३ |
| ६ | घरेलु हिंसा | ३०३१ | | ४९६३ | |
| ७ | बालविवाह | | ३० | | २८ |
| ८ | परिवारजनबाट हत्या | १११ | | १०९ | |
| ९ | दाइजोका कारण हत्या | १ | | ७ | |
| १० | 'बोक्सी'को आरोप | २३ | | २५ | |
| ११ | **जम्मा** | ४३३९ | १४०४ | ६०१६ | १४४६ |


(स्रोतः इन्सेक, २०२४)

नेपालमा महिला अधिकारका सम्बन्धमा नीतिगत तथा कानुनी संरचनामा लोकतन्त्र स्थापनासँगै सुधार आएको भएपनि तिनीहरूको कार्यान्वयनमा भने अझै सुधारको आवश्यकता देखिन्छ । महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा उल्लेख्य सुधार हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट पीडित हुँदै आएका तथ्याङ्कले देखाउँछ । मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गरेको अभिलेख अनुसार सन् २०२३ मा महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाहरूमा गत वर्षको तुलनामा बृद्धि भयो ।




[1] सन् २०२३ को जनवरीदेखि डिसेम्बरसम्म अभिलेखित घटनामा पीडितहरूको तथ्याङ्क

## सन् २०२३ मा दाइजोका कारण महिला माथि भएको हिंसाबाट पीडित भएकाहरूको सङ्ख्या




यो अध्ययन प्रतिवेदन मुलुकका सबै जिल्लाबाट प्राप्त घटनाहरूलाई इन्सेकले अभिलेख गरेको तथ्य तथ्याङ्कहरूको आधारमा तयार पारिएको हो। नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन मद्दत पुगेको छ। इन्सेकले महिलाको मानव अधिकारको अवस्थाको अनुगमन गर्ने क्रममा असमान ज्याला, पारम्परिक विभेद, सुरक्षित यौन तथा प्रजनन् अधिकारका पीडितको अभिलेखन भएको छैन। कतिपय अवस्थामा पीडितले नै घटना बाहिर ल्याउन नचाहने कारण पनि यस्ता पीडित तथ्याङ्कमा समेटिएका छैनन्।

यस वर्ष बेचबिखन तथा ओसारपसारका घटनामा ३० जना, बेचबिखन तथा ओसारपसार प्रसासका घटनामा २५ जना, घरेलु हिंसाका घटनामा ४ हजार ९ सय ६३ जना, 'बोक्सी'को आरोपका घटनामा २५ जना, बलात्कारका घटनामा ६ सय ५१ जना, बलात्कार प्रयासका घटनामा १ सय ५२ जना, यौन दुर्व्यवहारका घटनामा ५४ जना महिला पीडित भएको अभिलेख भयो। कुप्रथा र अन्धविश्वासका कारण वर्षौंदेखि बोक्सीको आरोपमा हिंसा तथा बहिष्करणको दुष्चक्रमा महिलाहरू पीडित हुने क्रम यस वर्ष पनि रोकिएन।


**प्रदेश अनुसार पीडित महिला र बालिकाको सङ्ख्या**

| घटनाको प्रकार र प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| महिला अधिकार | ९३६ | ७७६ | ८६३ | ४१६ | १६११ | २७० | १०४१ | ५९०३ |
| बाल अधिकार | ३३३ | १३९ | ४४८ | ११० | २७८ | ७६ | ८६ | १४७० |
| **जम्मा** | १२५९ | ९१५ | १३११ | ५२६ | १८८९ | ३४६ | ११२७ | ७३७३ |

(स्रोत: इन्सेक, २०२३)

मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकारलाई मानिन्छ । जीवन नै नरहे अन्य अधिकारको मूल्य नै रहँदैन । तर, विभिन्न बहानामा महिलाहरूको हत्या हुने गरेको छ । यस वर्ष परिवाजनबाट १ सय ९ जना महिलाको हत्या भयो । गत वर्ष यो सङ्ख्या १ सय ११ थियो । भनेजति दाइजो नल्याएको आरोपमा सात जना महिलाको हत्या भयो भने सोही कारणले ४५ जना महिला हिंसामा परेको अभिलेख भयो । परिवारजनबाट महिला मारिएका केही घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको समेत पाइयो । पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए ।

## सन् २०२३ मा प्रदेश अनुसार पीडित महिला र बालिकाको सङ्ख्या




नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ । बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ । शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन् । सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा बालबालिकालाई विशेष हेरचाहको आवश्यकता हुन्छ । इन्सेकले गरेको अभिलेख अनुसार सन् २०२३ मा १ हजार ४ सय ४६ जना बालिका पीडित भए । जसमध्ये बलात्कारका घटनामा १ हजार २ जना, यौन दुर्व्यवहारका घटनामा ३ सय ७३ जना, बेचबिखन तथा ओसारपसारका घटनामा ४३ जना र बाल विवाहका घटनामा २८ जना बालिका पीडित भएको अभिलेख भयो ।

## प्रतिनिधिमुलक घटनाहरू

### घटना-१

**सल्यान जिल्ला** कुमाख गाउँपालिका-२ स्थित ४० वर्षीया महिलालाई ०७९ फागुन २१ गते बोक्सीको आरोपमा सोही ठाउँका ५८ वर्षीय कालु बुढाले कुटपिट गरे । प्रहरीले आरोपितलाई फागुन २५ गते गिरफ्तार गर्‍यो । जिल्ला न्यायाधीश गिरीराज गौतमको ०८० असार २७ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद, ७० हजार जरिबाना र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो ।

### घटना-२

**बारा जिल्ला** बिश्रामपुर गाउँपालिका–१ चतवा टोलकी २५ वर्षीया जाया कुशवाहालाई दाइजो नल्याएको आरोपमा ०८० साउन १२ गते हत्या गरेको आरोपमा पीडित पक्षले ३२ वर्षीय पति सन्दीप कुशवाहा, ५० वर्षीया सासु विद्यादेवी कुशवाहा र २७ वर्षीय देवर प्रवीण कुशवाहाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०८० साउन १७ गते उजुरी दियो । मोटरसाइकल किनेर दिए पनि कुटपिट गरेको र घरनिकाला समेत गरेपछि जयाले ०७९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएकोमा ०७९ चैत १७ गतेको छलफलमा कुटपिट नगर्ने र कुनै प्रकारको यातना नदिने भन्दै 'मिलापत्र' भएको थियो ।

### घटना-३

**रुपन्देही जिल्ला** सैनामैना नपा-१० की १४ वर्षीया बालिकालाई बालिकालाई झारफुकको बहानामा कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले सैनामैना-१० की २२ वर्षीया सोनिया रेश्मीलाई फागुन २१ गते घरबाटै गिरफ्तार गर्‍यो । आफूलाई माता बताउने आरोपितले पीडित बालिकालाई फागुन २१ गते झारफुक गरी सञ्चो बनाउँछु भन्दै भुँइमा लडाएर घोप्टो पारी शरीरमाथि चढी ( बसी) हातमा घण्टी बजाउँदै गालामा थप्पड हान्दै गरेको भिडियो सामाजिक सञ्जालमा प्रहरीले देखेपछि आरोपितलाई गिरफ्तार गरेको थियो ।

उक्त भिडियोमा-'आइज, आऽऽऽ देखिस्, कति खान्छस्, मेरो पावर देखिस् !' भन्दै रुद्राक्षको मालाले शरीरको विभिन्न अङ्गमा प्रहार गरेको, भुँइमा लडाएको, टाउको र घाँटीमा लात्ती प्रहार गरेको, पटकपटक नाक र मुखमा जगले पानी खन्याएको, कपालमा समाएर टाउको बटारी दिएको, कपालमा समाएर अनुहारमा थुकेको, खरानी कोच्याएको र लछारपछार पारी कुटपिटसमेत गरेको' देखिन्छ ।

उक्त भिडियो देखेलगत्तै इलाका प्रहरी कार्यालय सालझण्डीले झारफुक गरी सञ्चो गराउँछु भन्ने महिला र पीडित बालिकाको सम्बन्धमा अनुसन्धान सुरु गरेको इन्स्पेक्टर जगन्नाथ मरासिनीले बताए । प्रहरीले आरोपितलाई गिरफ्तार गरी आरोपितको साथबाट बालिकालाई लछारपछार, कुटपिट गर्दा प्रयोग भएका विभिन्न सामग्रीहरू-त्रिशुल, जग, रुद्राक्षको मालालगायत नियन्त्रणमा लियो ।

कान दुख्ने समस्या भएकी बालिकालाई स्थानीय अस्पतालमा उपचार गर्दा पनि निको नभएपछि 'माता' भनिने सोनिया रेश्मीले झारफुक गरी ठिक पार्छिन् भन्ने थाहा पाएर उपचारका लगी लगिएको थियो । कुटपिटका कारण झारफुक गरेको ठाउँमै नै बालिकाको मृत्यु भएपछि परिवार र स्थानीयले सोही राति नै कपिलवस्तु जिल्लाको लक्ष्मणघाट पुर्‍याएर दाहसंस्कार गरेको मृतकको घरपरिवारबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालयका डिएसपी श्यामु अर्यालले बताउनु भयो । दाहसंस्कारमा संलग्न भएको आरोपमा सैनामैना नपा-१० का ४४ वर्षीय ताराप्रसाद ज्ञवाली, सोही ठाउँकै २७ वर्षीय ईश्वरी पोखरेल, ५४ वर्षीया निमकला पाण्डे, ५८ वर्षीय मीनबहादुर रेश्मी, निजकी पत्नी ५४ वर्षीया चन्द्रकली रेश्मी, ३३ वर्षीय उमेश थापा, ४९ वर्षीया कमला पोखेल, २२ वर्षीय

विष्णुप्रसाद पोखेल, ५३ वर्षीय डोलनाथ गौतम, ४६ वर्षीय बालानन्द बेल्बासे, ३० वर्षीय दिनेश खनाल, ४५ वर्षीय डिलाराम घिमिरे, ५१ वर्षीय धनराज पोखेल, ५७ वर्षीय रामजीप्रसाद पाण्डे, ५५ वर्षीय शालिकराम बेल्बासे र पाल्पा जिल्ला रैनादेवी छहरा गाउँपालिका-७ का २३ वर्षीय कुमार सिंजालीलाई फागनु २७ गते गिरफ्तार गऱ्यो ।

जिल्ला अदालत, रुपन्देहीका न्यायाधीश श्रीप्रकाश उप्रेतीको चैत २० गतेको इजलासले आरोपितहरूमध्ये ताराप्रसाद ज्ञवाली, ईश्वरी पोखरेल, निमकला पाण्डे, लीला ज्ञवाली गरी चार जनालाई जनही ५० हजार धरौटीमा छाड्यो । मीनबहादुर रेश्मी, चन्द्रकली रेश्मी, उमेश थापा, कमला पोखेल, विष्णुप्रसाद पोखेल, डोलनाथ गौतम, बालानन्द बेल्बासे, दिनेश खनाल, डिलाराम घिमिरे, धनराज पोखेल, रामजीप्रसाद पाण्डे, शालिकराम बेल्बासे र कुमार सिंजाली लगायत सबैलाई साधारण तारेखमा छाड्यो । 'माता' भनिने सोनिया रेश्मीलाई पुपर्क्षका लागि थुनामा राख्ने आदेश गरेको जिल्ला अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताए । यो वर्षको अन्तिमसम्म मुद्दा फैसला भएन ।

**घटना-४**

**धनुषा जिल्ला** जिल्ला मिथिला बिहारी नगरपालिका-३ घर भई जनकपुरधाम उमनपा- ९, थापाचोक बस्ने २३ वर्षीया आरतीकुमारी साहको दाइजोको कारण ०८० जेठ ७ गते हत्या गरेको आरोपमा प्रहरीले पति ३२ वर्षीय मोतीबाबु साह र ससुरा ७० वर्षीय मदनमोहन साहलाई जेठ ८ गते गिरफ्तार गऱ्यो । आरोपितहरूविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, धनुषामा जेठ ८ गते उजुरी दिएको थियो । उनीहरू विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, धनुषाले ०८० असार १ गते जिल्ला अदालत, धनुषामा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गऱ्यो । उक्त मुद्दामा थुनछेक बहसपछि असार ५ गते जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो ।

तर, आरोपितहरूले जिल्ला अदालतको फैसला बदर गर्न माग गर्दै उच्च अदालत, जनकपुरधाममा दायर गरेको रिटमा उच्च अदालतका मुख्य न्यायाधीश सारङ्गा सुवेदी र किरणकुमार पोखरेलको ०८० असोज १८ गतको संयुक्त इजलासले प्रमाण नपुगेको भन्दै आरतीका पति मोतिबाबु साह र ससुरा मदनमोहन साहलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो । उच्च अदालतको उक्त आदेशविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, धनुषाले सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दिएको थियो । सर्वोच्च अदालतका न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको ०८० मङ्सिर २० गतेको संयुक्त इजलासले आरती साहका पति मोतिबाबुलाई थुनामा पठाउने र ससुरा मदनमोहनलाई १ लाख रुपियाँ धरौटी राखेर रिहा गर्न आदेश दियो । सर्वोच्चको आदेशपछि आरतीका पति मोतीबाबु साहलाई ०८० पुस ९ गते जनकपुरधामको सीता चोकस्थित सगुन होटेलबाट जिल्ला प्रहरी कार्यालय, धनुषाले गिरफ्तार गऱ्यो । आरती र मोतीबाबुबिच ०७७ असार २९ गते विवाह भएको थियो । विवाहमा भनेजति दाइजो नदिएकै कारण आरतीको हत्या भएको पीडित परिवारले आरोप लगाउँदै आएको छ ।

## निष्कर्ष

अझै पनि घरेलु हिंसाबाट महिलामाथि हुने शारीरिक तथा मानसिक आघातलाई संवेदनशीलताका साथ हेर्ने संस्कृतिको निर्माण हुन सकेको छैन । महिलामाथि हुने घरेलु हिंसालाई परम्परागत रूपमा लिइने सोच यथावत्नै रहेको देखियो। हाम्रा प्रतिनिधिले देशका ७७ जिल्लाका प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको अनुगमन गरेका थिए । केन्द्रमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको पाइयो । फितलो कानुन र भएकै कानुनको पनि कार्यान्वयन नहुनाले महिलामाथि हुने हिंसाका घटनामा कमी नआएको इन्सेकको आँकलन छ ।

महिला विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबिच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमका अपराधमा कमी आउँदैन । यद्यपि सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयनले महिलाविरुद्ध हुने हिंसाका घटनालाई न्यूनीकरण गर्न भने अवश्य सकिन्छ। सरोकारवालाको पहल र प्रयासमा हिंसा न्यूनीकरणका क्रियाकलाप तत्कालै सञ्चालन गर्नु आवश्यक छ । गरिबी, अशिक्षा र आर्थिक सशक्तिकरणका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन सके महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन ।

## सुझावहरू

- अदालतसम्म पुगेका घटनाको न्याय पनि निकै कम रहेकाले अदालती प्रक्रियालाई छिटोछरितो बनाउनु पर्ने ।
- महिलामैत्री कानुन बनाउने सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेश र निर्देशनको पालना हुनुपर्ने ।
- छिटो न्यायका लागि *फाष्ट ट्र्याक* अदालत तथा पारिवारिक अदालतको गठन गर्नुपर्ने ।
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- 'बोक्सी'को आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन। पीडकबाट प्राप्त जरिबाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउनुपर्ने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७७ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने साथै यस्ता महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नुपर्ने ।
- यौन हिंसाका घटनामा द्रुत तथा निष्पक्ष छानविन गर्नुपर्ने ।
- प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको महिला हिंसा विरुद्धसम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायका रूपमा परिचालन गर्नु पर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोही अनुरूपको परिमार्जन गर्नु पर्ने ।
- महिला तथा बालिकाविरूद्ध हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यमलगायत सरोकारवालाहरू सक्रिय हुनुपर्ने ।

२०८० फागुन २४ गते

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org